# अपाङ्गको सहयोगार्थ च्यारिटी कार्यक्रम

नेपालका अपाङ्ग र असायहरुलाई सहयोगार्थ बेलायतमा एक च्यारिटी कार्यक्रम सम्पन्न भयो। विश्व अपाङ्ग दिवसको अवसर पारेर यही डिसेम्वर ४ तारिख लण्डनको ल्पमस्टिडमा गुल्मी जिल्ला समाज यूकेले उक्त च्यारिटी कार्यक्रमको आयोजना गरेको हो। नेपालमा अपाङ्गहरुको लागि विविध सहयोग पुऱ्याउदै आएको आशा अपाङ्ग केन्द्रलाई चन्दा संकलन गरी उपलब्ध गराउने उक्त कार्यक्रममा विभिन्न संघसंस्थाका प्रतिनिधिहरु, समाजसेवी, व्यवसायी लगायत बेलायतवासी नेपालीहरुको उल्लेखनिय उपस्थिति रहेको थियो। नेपालका अपाङ्गहरुको सहयोगार्थ बेलायतमा पहिलो पटक आयोजित च्यारिटी कार्यक्रममा सहयोगदाताहरुले प्रयोजन र चन्दा प्रदान गरेर तथा कार्यक्रमको टिकट लिएर सहयोग पुऱ्याएको आयोजक गुल्मी जिल्ला, यूकेले बताएको छ।




नेपालीहरुको बाक्लोवस्ती भएको साउथइष्ट लण्डनस्थित प्लमस्टिडको एसिया कम्यूनिटी सेन्टरमा भएको च्यारिटी डिनरको उद्घाटन प्रमुख अतिथि बेलायतका लागि नेपाली राजदूत डा. सुरेशचन्द्र चालिसे, गुल्मी जिल्ला समाजका अध्यक्ष ओमप्रसाद थापा, आशा अपाङ्ग केन्द्रकी अध्यक्ष गंगा रायमाझी र एनआरएन यूकेका अध्यक्ष कुल आचार्यले संयुक्तरुपमा पानसमा दियो प्रज्वलित गरी गरेका थिए। कार्यक्रममा नेपालबाट आएकी आशा अपाङ्ग केन्द्रकी अध्यक्ष गंगा रायमाझीले नेपाली अपाङ्गहरुको स्थिति र समाजले अपाङ्गहरुलाई हेर्ने दृष्टिकोणबारे मार्मिकरुपमा सहभागीहरुलाई जानकारी दिइन्। साथै, उनले आशा अपाङ्ग केन्द्रले गुल्मी लगायत अन्य जिल्लामा केन्द्रले गरेका गतिविधिहरुको सलाइड सो र भिडियो डकुमेन्ट्रीहरु पनि प्रस्तुत् गरिन्। स्वयं अपाङ्ग भएर अपाङ्गकै लागि दुर्गम जिल्लाका गाउँगाउँ पुगेर सहयोग गर्दै आएकी सुश्री थापाले आफूलाई बेलायत झिकाएर नेपालका अपाङ्गहरुको बारे जानकारी गराउने मौका दिएकोमा गुल्मी जिल्ला समाज, यूकेलाई धन्यवाद व्यक्त गरे।

कार्यक्रममा प्रमुख अतिथि राजदूत डा. चालिसेले यस्ता च्यारिटी कार्यक्रम प्रशंसनीय र उदाहरणीय भएको बताए। एनआरएन यूकेका अध्यक्ष कुल आचार्यले कार्यक्रम सफलताको कामना गर्दै अन्य संघसंस्थाहरुले पनि यस्तो कार्यक्रम गर्नुपर्ने बताए। गुल्मी जिल्ला समाज, यूकेका अध्यक्ष ओमप्रसाद थापाले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै अपाङ्गहरुको सहयोगार्थ कम्तीमा बर्षको एउटा कार्यक्रम बेलायतमा गर्नुपर्ने बताए। साथै यसको निरन्तरताको लागि अन्य संघसंस्थाहरुबाट पहलकदमी भएमा गुल्मी जिल्ला समाज, यूकेले सहयोग गर्ने बताए। नेपालमै बसेर आशा अपाङ्ग केन्द्रलाई स्थायीरुपमा सहयोग पुऱ्याउदै आएका समाजसेवी जयराम सुवेदीले केन्द्रले अपाङ्गहरुको लागि उल्लेखनिय कार्य गरेको बताउदै बेलायतवासी नेपालीहरुले अपाङ्गहरुको लागि सहयोग गरेर पुण्य काम गरेको बताए।

च्यारिटी डिनर कार्यक्रमका संयोजकद्वय दुर्गा पाण्डे र मोति भण्डारीले क्रमश: स्वागत र धन्यवाद मन्तब्य व्यक्त गरेका थिए। गुल्मी जिल्ला समाजका अध्यक्ष ओमप्रसाद थापाको सभापतित्वमा सम्पन्न पहिलो चरणको उद्घाटन कार्यक्रमको संचालन समाजका महासचिव अर्जुन गौतम र विनोद ज्ञवालीले गरेका थिए। कार्यक्रमको शुरुमा फत्त थापाले हेल्थ एण्ड सेफ्टीबारे जानकारी गराएका थिए। समाजका मिडिया क्षेत्र हेर्ने यादव भण्डारी, केशव भण्डारी र शीव भण्डारीले कार्यक्रमलाई प्रयोजन गर्ने, चन्दा दिने सहयोगदाताहरुको नामावली सुनाएका थिए।

कार्यक्रमको दोस्रो चरणमा विविध सांस्कृतिक कार्यक्रम प्रस्तुत् गरिएको थियो। ख्यातिप्राप्त कलाकार विवेक श्रेष्ठ, शर्मिला बर्देवा, सितु खरेल, सीता पौड्याल र गंगा थापाले आ-आफ्नो प्रस्तुती प्रस्तुत् गरेका थिए। यसैगरी कलाकारहरु सुमीर ज्ञवाली, सुरन तिमिल्सीना, सन्जु थापा, रोसन गुरुङ्ग र नुराज थापाले गीत गाएका थिए। कलाकार श्रद्धा भण्डारी, अविसा गौतम, मनिष भण्डारी, सुनी, चाहाट, नोवीन, सुरेन र आशीमले नृत्य प्रस्तुत् गरेका थिए। गोकुल भण्डारी र रेशम अर्यालले कविता वाचन गरेका थिए। चक्र बहादुर राना र चुन बहादुर पुनले हास्यव्यङ्ग प्रस्तुत् गरेका थिए। च्यारिटी डिनर कार्यक्रमलाई प्रयोजन र चन्दा सहयोग गर्ने संघसंस्था, व्यवसायी र समाजसेवीहरुलाई प्रमाणपत्र र खादाले सम्मान गरिएको थियो। यसै कार्यक्रममा नि:शुल्क सहयोग गर्ने सम्पूर्ण कलाकारहरुलाई सम्मान गरियो। च्यारिटी कार्यक्रमको प्रचारप्रसारमा सहयोग गर्ने बेलायतस्थित साप्ताहिक पत्रिकाहरु, नेपाली टिभी, बिएफबिएस, गोर्खा रेडियो र अनलाइन मिडियाका प्रतिनिधिहरुलाई पनि सम्मान गरियो। रारा रेष्टुरेण्टले खानपीनको व्यवस्था मिलाएको थियो। मिठो खाना सुलभ मूल्यमा खुवाएर कार्यक्रमलाई सहयोग गरेकोमा रारा रेष्टुरेण्टका प्रताप रायमाझीलाई पनि सम्मान गरियो। कार्यक्रम सफल बनाउन गुल्मी जिल्ला समाजका कार्यसमितिका सम्पूर्ण प्रतिनिधिहरु एंव सल्लाहकारहरु निकै नै खटेका थिए। कार्यक्रमलाई प्रत्यक्ष र अप्रत्यक्ष सहयोग गरी मनावीय कार्यमा योगदान पुऱ्याउने सम्पूर्ण महानुभावहरुलाई गुल्मी जिल्ला समाज यूकेले हार्दिक आभार व्यक्त गरेको छ।

कार्यक्रमको शुरुदेखि अन्तिमसम्म पहिलो नौमति बाजाको धुन बजाइएको थियो। नौमति बाजाको तालले कार्यक्रमलाई निकै मौलिकता थपेको थियो। नौमति बाजाको तालमा सिता पौड्याल र राम गलामीको दोहोरी लोकगीतमा सहभागीहरु नाचगान गरी रमाएका थिए।

- केशव भण्डरी । शिव भण्डरी

# मिस मगर लुम्बिनीको ताज आशालाई

जातीय भाषा संस्कार र संस्कृतिको उत्थान प्रतिभाको प्रुस्फुटन हाम्रो अभियान भन्ने नाराका साथ संचालन भएको मिस मगर लुम्विनी२०११ को ताज आशा थापा मगरले जित्न सफल भएकी छन्। नेपाल मगर महिला संघ बुटवल नगरसमितिको आयोजनामा भएको मिस मगर लुम्विनी २०११ का ३० जना प्रतिस्पर्धीहरुलाई उछिनेर थापा मगर ताज पहिरन सफल भएकी हुन।




लुम्विनी अंचलका विभिन्न जिल्लाका ३१ जना मगर युवतीहरु सहभागी रहेको प्रतियोगितामा फस्ट रनरअप ताज राधा श्रीस र सेकेण्ड रनरप नमिता थापा मगर भएका छन्। विजेताहरुलाई मिस नेपालका फष्ट रनरअप ऋचा थापा मगरले ताज पहिराई दिएकी थिइन। विजय प्रतियोगिले १५ हजार फष्ट रनरअपले १० हजार र सेकेण्ड रनरअफले ५ हजार प्राप्त गरेका छन्। त्यसै गरी पवित्रा थापाले बेष्ट हेयर, मीना आलेले बेष्ट वाक, प्रतिभा थापामगरले मोष्ट पसा्रनिलिटी, करिस्मा रानाले मोष्ट चारमिङ, रिता थापा मगरले वेष्ट प्लाटिङ्ग हेमा थापाले मोष्ट डिस्पिलिङ्ग, निशा पुनले बेष्ट टेनिङ, सुजाता आलेले मोष्ट व्यूटिफूल, सरिता श्रीसले बेष्ट कन्टिडेन्ट, अजली दर्लामीले बेष्ट फोटोजेनिक, अमृता सारुले बेष्ट ईन्टर प्लानिङ्ग, भूमिका घर्तीले वेष्ट मदरल्याण्ड, शोभा थापाले भ्यूस्टाइल र मिस्सी थापाले मोष्ट ट्यालेन्टको उपाधी जित्न सफल भएको छ।

- गोविन्द घर्ति रुपन्देही

# जनरल, मेयर र स्कूलमा छलफल

गत २९ नोभेम्वरका दिन बिजिडब्लुएस कार्यालय गोर्खा भवन, फानवरोमा अल्डरसट टाउन फूटवल क्लबका व्यक्तित्वहरुसंग छलफल भयो। अल्डरसट टाउन फूटवल कम्यूनिटी ट्रष्टका अध्यक्ष जनरल (रि.) मालकोम उड (सीवीई), म्यानेजर किर्क हयूकर्कलर र सहायक ग्याभिन उपस्थित थिए भने विजिडब्लुएसका अध्यक्ष मे.रि. टिकेन्द्र दल देवान संस्थाबाट सहभागी थिए।

फूटवल लिग ट्रष्टको अधिनमा रही उनीहरुले विभिन्न कार्यक्रमहरु गर्दै आएका छन्। जस्तै, खेलहरुमा सहभागिता, सामाजिक एकलीकरण, स्वास्थ्य, शिक्षा र अल्डरसट क्षेत्रको वातावरण र नेपाली कम्यूनिटीमा लागि पनि केहि कामहरु ट्रष्टले गरिरहेको जानकारी दिए। जस्तै: ट्यालेभेरा, कनट स्कूल, म्यानोर पार्क, हेरोन्श उड र नार्थ टाउन क्षेत्रमा। रसमोर वरो काउन्सिलसंग मिलेर म्यानोर पार्कमा गत ग्रिष्ममा फूटवल प्रतियोगिताको आयोजना भएको थियो र मेयरको पनि उपस्थिती भएको थियो। नेपाली टिमहरु र आर्मीहरुको प्रशस्त सहभागी रहेको थियो। ट्रष्टका मेनेजर किर्क हयूईलर अल्डरसटमा सामाजिक एकलीकरणका लागि मद्दत गर्न चाहन्छु भने। त्यस्तै जनरल उडले गोर्खा 'क्याडेटसीप प्रोग्राम' बारे विस्तृत छलफल गरे।

अध्यक्ष देवानले यूनाईटेड रसमोरको शुरुवातलाई मद्दत गर्न आग्रह गरे र चाँडै नै अर्को बैठक बस्ने कुरा मन्जुर भए। देवानले मेजर रुद्र शाहीलाई धन्यवाद दिए। शाहीले नै दुई पार्टीबीच प्रारम्भिक परिचय गराएका थिए। देवान ग्रेन्ज कम्यूनिटी प्राइमेरी स्कूल फार्नवरोको गर्भनर वैठकमा पनि सरिक भए र ज-जस्का नानीहरु उक्त स्कूलमा पढ्छन्। आमाबाबाहरु पनि 'गर्भनर बोडी' मा बस्न अध्यक्षले अनुरोध गरे। सोहि दिन रसमोर वरो काउन्सिलका मेयर अलेक्श कोफोर्ड र साम फिलिप (प्रोटेभ मार्चका आयोजक) गोर्खा भवनमा आई अध्यक्ष देवानसंग 'यूनाइनेट रसमोर' बीच असल समझदारी र भावी संयुक्त योजनाहरु सम्वन्धी छलफल गरे।

## जेष्ठ नागरिकहरुका लागि खुशीको खबर

एभरेष्ट टाइम्सले बेलायतमा आइबसेका नेपाली जेष्ठ नागरिकहरुका लागि बार्षिक १५ पाउण्डमा पत्रिका उपलब्ध गराउने भएको हुँदा ईच्छुक जेष्ठ नागरिकहरुले एभरेष्ट टाइम्सको कार्यालय फार्नवरोमा सम्पर्क गर्नहुन हार्दिक अनुरोध गरिन्छ।

सम्पर्क:
01252 376666
07828 724821
07897 762268

## एभरेष्ट टाइम्स प्रा. लि.को

ग्राहकहरुका लागि सूचना

एभरेस्ट टाइम्सको वार्षिक ग्राहक बन्नु भएकोमा धन्यवाद दिन चाहन्छौं। यहाँहरुको सल्लाह, सहयोग, सुझाव तथा मायाले मात्र पत्रिकाको विकास हुने कुरामा कुनै दुई मत छैन।

यसै सन्दर्भमा वार्षिक ग्राहक भएवापतको रकम भुक्तानीको लागि हार्दिक अनुरोध गर्दछौं। बैंकमा अनलाइन जम्मा गर्न चाहनु हुन्छ भने निम्न खातामा जम्मा गरी आफ्नो ग्राहक नं (तपाईको नाम अगाडी रहेको ५ वा ६ वटा अंक तथा अक्षर) रेफरेन्समा लेखी कार्यालयमा जानकारी गराउनुहुन अनुरोध गर्दछौं।

Bank: Barclays Bank PLC
A/C Name: Everest Times Pvt. Ltd.
A/C No: 83594807
S/C No: 20-61-82

यदि चेकमार्फत भुक्तानी गर्न चाहनुहुन्छ भने Everest Times Pvt. Ltd. को नाममा चेक बनाई चेकको पछाडी नाम र ठेगाना लेखी निम्न ठेगानामा पठाउनु हुन अनुरोध गर्दछौं।

Everest Times Pvt. Ltd.
Gurkha Bhawan
119 Wren Way
Farnborough GU14 8TA
Phone: 01252376666/07828724821/07897762268

वार्षिक शुल्क
80 पाउण्ड मात्र

ग्राहक बनेर सहयोग पुऱ्याउनुभएकोमा धन्यवाद।
प्रत्येक बुधबार र विहीबार कार्यालय बन्द रहनेछ।

## नेपाली टेलिभिजनको बृद्धबृद्धा अफर

नेपाली टेलीभिजनले बृद्ध बृद्धा नेपालीहरुका लागि विशेष अफर ल्याएको छ। नेपाली टिभि जडान खर्च तिरी साठी बर्ष उमेर नाघेकाहरुले २० प्रतिसत छुटमा टिभि हेर्न सक्नेछन। ल्होसार तथा अंग्रेजी नयां बर्ष २०१२ अबधिका लागि यो योजना ल्याइएको हुंदा समयमै मौकाको फाइदा लिन नभुल्नुहोला। समय सिमित भएकोले नेपाली टि भि मा आजै सम्पर्क गर्नुहोस।

थप जानकारीका सम्पर्क
Nepali TV
114-116 Plumstead High Street,
London, UK, SE 18 1SJ
Tel: 02079935917, 07735544793
Email: info@nepalitv.com
nepal@nepalitv.com